"हरित नगर, समृद्ध दमक"
# दमक नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दमक-झापा
१ नं. प्रदेश, नेपाल

☎: ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
फ्याक्स नं. ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०८१/०८०
च.नं. १०८३

## सुरक्षित आप्रवासन कार्यक्रम तथा उद्यम विकास कार्यक्रमका लागि आवश्यक जनशक्तिहरु सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति २०७९।०५। ३१ )

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौता अनुसार संचालित कार्यक्रम हो। यो कार्यक्रम श्रम, रोजगार तथा सामाजिक मन्त्रालय र स्थानीय सरकारहरुको नेतृत्वमा संचालित छ। सामी कार्यक्रमलाई स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गरिरहेको छ। यस सामी कार्यक्रम अन्तर्गत दमक नगरपालिकामा वैदेशिक रोजगार सम्बन्धि सचेतिकरणका कार्यक्रमहरु र नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालयको गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम संचालन भईरहेको र सो को लागि समेत निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | पद | पद संख्या | न्युनतम योग्यता तथा अनुभव |
|---|---|---|---|
| १. | मनोसामाजिक परामर्शकर्ता | १(महिलालाई प्राथमिकता) | • कम्तिमा प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम लिई सुरक्षीत वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको।<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालिम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ जुन निम्न अनुसार छ :<br>• मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्कमा स्नातक तह, बि.एड. स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ्ग उतिर्ण गरेको।<br>• मनोसामाजिक परामर्श सम्बन्धि तालिम प्राप्त गरि सोहि क्षेत्रमा अनुभव प्राप्त गरेको र महिलालाई विशेष प्राथमिकता दिईनेछ। |
| २. | वित्तीय साक्षरता सहजकर्ता | १ | न्युनतम प्रविणता प्रमाण पत्र तह वा १०+२ उतिर्ण, प्रौढ शिक्षा वा वयस्क साक्षरता वा अध्यापनमा २ वर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| ३. | रिटर्नी स्वयंसेवक (आंशिक) | ३ | न्युनतम कक्षा १० पास गरि वैदेशिक रोजगार (खाडी मुलुक र मलेशिया ) मा गई कम्तिमा १ वर्ष काम गरेको अनुभव भएको। सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| ४. | उद्यम विकास सहजकर्ता | १ | **CTEVT** बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको वा **CTEVT** बाट उद्यम विकास सहजकर्ता सिप परीक्षण तह २ वा ३ उत्तिर्ण गरेको। |

यज्ञराज निरौला
वरिष्ठ प्रशासकीय अधिकृत

"हरित नगर, समृद्ध दमक"
दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमक–झापा
१ नं. प्रदेश, नेपाल
☎: ०२३-५८००४४, ५८०१३७, ५८०५०२, ५८१०५३
फ्याक्स नं. ०२३-५८०१४६
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं. ०६९।०८० 
च.नं. १०६३

(१) **कार्य अवधि :** हाललाई २०८० असाढ मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नविकरण हुन सक्ने छ।

(२) **परीक्षाको किसिम :** लिखित, अन्तरवार्ता र प्रयोगात्मक। (छनौट परिक्षामा वैदेशिक रोजगारी लगायतका विषयवस्तुहरु समावेश हुनेछन), उद्यम विकास सहजकर्ताको पदको हकमा अन्तरवार्ता र प्रयोगात्मक परीक्षा मात्र हुनेछ।

(३) **आवश्यक कागजातहरु र दरखास्त दिने स्थान** : माथि उल्लेखित योग्यता पुगेका इच्छुक नागरिकहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिको नाम र सम्पर्क फोन नम्बर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित दमक नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ। तोकिएको समय भन्दा पछी आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

(४) **छनौट प्रक्रिया:** प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र लिखित, अन्तर्वार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिनेछ। प्रत्येक पदमा अवसरबाट वन्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशिकरणका लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्वन गरिनेछ।

(५) **दरखास्त दिने अन्तिम मिति:** २०७९।०६।१५ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिनेछ।

(६) **आवेदन दस्तुर:** रिटर्नी स्वयंसेवकका लागि रु. ३००।- र अन्य पदका लागि रु. ५००।-

(७) **दरखास्त दिने अन्तिम मितिमा:** १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको, ( महिलाको हकमा ४० बर्ष ननाघेको)

(८) **तलव तथा अन्य सुविधा:** कार्यक्रमको नियम अनुसार।

५।२१

यज्ञराज निरौला
वरिष्ठ प्रशासकीय अधिकृत